# प्रेस विज्ञप्ति

ओडिशाको भुवनेश्वरमा स्थित कलिंगा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (KIIT) मा एक नेपाली विद्यार्थीको दुःखद मृत्यु भएको खबरप्रति काठमाडौंस्थित भारतीय दूतावास गहिरो दुःख व्यक्त गर्दछ । यस कठिन घडीमा यस दूतावास मृतकको परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।

२. यस दूतावास KIIT का अधिकारीहरूका साथै ओडिशा राज्य सरकारसँग सम्पर्कमा रहेको छ । स्थानीय अधिकारीहरूले यस दुर्भाग्यपूर्ण घटनाको अनुसन्धान सुरु गरेको दूतावासलाई जानकारी गराइएको छ ।

३. KIIT ले नेपाली विद्यार्थीहरूलाई क्याम्पसमा फर्कन, आफ्नो कक्षा पुनः सुरु गर्न र छात्रावासमा बस्न अपील पनि गरेको छ । KIIT ले विद्यार्थीहरूलाई शैक्षिक रुपमा परेको क्षतिको पनि जिम्मेवारी लिने आश्वासन दिएको छ ।

४. भारतमा अध्ययनरत नेपाली विद्यार्थीहरू दुई देशबीचको स्थायी जनस्तर सम्बन्धका महत्वपूर्ण पक्ष हुन् । भारत सरकारले भारतमा नेपाली विद्यार्थीहरूको हकहित सुनिश्चित गर्न सबै आवश्यक कदम चाल्नेछ ।

काठमाडौं, नेपाल

२०८१ फागुन ५